**श्री कुमारी बैंक लिमिटेडको**
**बिशेष साधारण सभाको**
**निर्णय विवरण**

श्री कुमारी बैंक लिमिटेडको बिशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब. राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय**

मिति : २०७७ साल जेष्ठ महिना १९ गते सोमवार (तद्नुसार १ जुन २०२०)
स्थान : कुमारी बैंक लिमिटेडको प्राङ्गण, नक्साल, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

**२) सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७७ साल बैशाख महिना २८ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको बिशेष साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७७ बैशाख २९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक र २०७७ बैशाख ३१ गतेको द हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) बिशेष साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ग) बिशेष साधारण सभामा आमन्त्रित भई दिनका लागि मूल्याङ्कनकर्ता (Due Diligence Auditor) श्री SAR Associates - Chartered Accounts लाई र कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका बरिष्ठ अधिवक्ता शम्भु कुमार थापालाई अनुरोध गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क. विशेष प्रस्ताव**

१. कुमारी बैंक लि. ले देव: बिकास बैंक लि. लाई प्राप्ति (एक्विजिसन) गर्ने प्रस्ताव पारित गर्ने ।

२. कुमारी बैंक लिमिटेड ले देब: बिकास बैंक लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि नियुक्त मूल्याङ्कन कर्ता SAR Associates-Chartered Accounts ले तयार पारेको कुमारी बैंक लि. र देव: बिकास बैंक लिमिटेडको चल अचल सम्पति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Dilligence Audit Report), अन्य विवरण तथा सम्बद्ध व्यवस्था तथा सम्झौताको आधारमा निर्धारण गरिएको (कुमारी बैंक लि. को प्रति १ कित्ता शेयर बराबर देव: बिकास बैंकको ०.८६

कित्ता) शेयर अनुपातमा शेयरको मूल्य पारित गरी प्राप्ति (एक्विजिशन) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

३. कुमारी बैंक लिमिटेडले देब: बिकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा गरिएको प्रारम्भिक सहमति तथा अन्तिम सम्झौता पत्रहरुको अनुमोदन गर्ने ।

४. कुमारी बैंक लिमिटेडले देब: बिकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि कुमारी बैंक लिमिटेड लगायत उल्लिखित दुवै संस्थाको चल अचल सम्पति तथा दायित्व मूल्याङ्कन Due Dilligence Audit (DDA) गर्न नियुक्त मूल्याङ्कनकर्ता लेखापरीक्षकको नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक अनुमोदन गर्ने।

५. बैंकले माथि उल्लिखित प्राप्ति सम्बन्धी कार्य गर्दा बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने गरी बैंकको प्रवन्ध पत्रको दफा ५ (क), (ख) र (ग) संशोधन गर्ने ।

६. बैंकको पुँजी बृद्धि एवं प्राप्ति (एक्विजिशन) को क्रममा तथा प्रवन्ध पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न वा प्राप्ति सम्बन्धि कार्यमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ख. विविध ।**

**४) सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री अमिर प्रताप ज.ब. राणा | अध्यक्ष – उपस्थित |
| २) | प्रा.डा. गणेश प्रसाद पाठक | सञ्चालक – उपस्थित |
| ३) | श्री महेश प्रसाद पोखरेल | सञ्चालक – उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवाली | सञ्चालक – उपस्थित |
| ५) | श्री अनुराधा चौधरी | सञ्चालक – उपस्थित |

**(ख) बैंक पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) | श्री सुरेन्द्र भण्डारी | - प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री अनुज मणि तिमिल्सिना | – वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३) | श्री मनिष तिमिल्सिना | - नायब महाप्रबन्धक |
| ४) | श्री राम चन्द्र खनाल | - सहायक महाप्रवन्धक |



KUMARI BANK LTD. CORPORATE OFFICE

**(ग) पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) आमन्त्रित, कानुनी सल्लाहकार, लिगल एडभाईजर्स फोरम– बरिष्ठ अधिवक्ता श्री शम्भु थापा

२) आमन्त्रित मूल्याङ्कनकर्ता (Due Diligence Auditor) श्री SAR Associates - Chartered Accounts का प्रतिनिधि श्री सुनिर ढुङ्गेल

**(घ) शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको शेयरधनीहरु स्वयम्को उपस्थिति ७ जनाको शेयर संख्या ६१,६५,६९४ अनलाइन मार्फत् उपस्थित शेयरधनी १ जनाको शेयर संख्या ८७,३०९ र प्रोक्सी दिने १९४ जनाको शेयर संख्या ३,४४,८८,७५३ शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ४,०७,४१,७५६

२) सर्वसाधारण समूहको शेयरधनीहरु स्वयम्को उपस्थिति ३३ जनाको शेयर संख्या ८,०३,०५२ अनलाइन मार्फत् उपस्थित शेयरधनी ३ जनाको शेयर संख्या २६,८२१ र प्रोक्सी दिने २४९ जनाको शेयर संख्या ८०,३७,५०६ शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ८८,६७,३७९

३) कुल उपस्थिति शेयर संख्या ४,९६,०९,१३५

४) कुल शेयर संख्या ९,५५,४१,३०४

५) शेयरको कुल उपस्थिति प्रतिशत ५१.९२% -

५) सभाको गणपूरक संख्या :

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | अनलाइन मार्फत | प्रतिनिधि मार्फत | कुल शेयरधनी संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| बांडफांड भएको कुल शेयर संख्या ९,५५,४१,३०४ | ४,९६,०९,१३५ | ४० | ४ | ३९८ | ३४२ | ५१.९२% |

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बॉडफॉड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या ( ९,५५,४१,३०४) को ४,९५,३८,४४३ शेयर अर्थात ५१.८५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक



KUMARI BANK LTD.

रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७) **सभाको अध्यक्षता :**
कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु एवं शेयरधनीहरु सवैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

८) **अध्यक्षज्यूको मन्तव्य :**
सभामा स्वयं तथा अनलाइन मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत बिषयसूचीहरु साथै यस चालु आ.ब. २०७६/७७ को तेश्रो त्रैमास सम्मको उपलब्धि तथा भावि योजनाहरुको बारेमा संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नु भयो । साथै कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सृजना भएको बिषम परिस्थितिमा समेत बैंकबाट प्रवाह हुने बैकिङ्ग सेवाहरुलाई थप प्रभावकारी बनाउदै, सेवाग्राहीहरुलाई परेको समस्या समाधान गर्दै, बैंकलाई थप सफलता दिलाउनेतर्फ बैंकको सञ्चालक समिति एवं बैंक व्यवस्थापन समेत कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस विशेष साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **छलफलका लागि आव्हान :**
साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

१०) **छलफलमा सहभागी हुने शेयरधनीहरु:**
१. श्री अमृतनाथ रेग्मी ।
२. श्री अशोक उप्रेती ।
३. श्री उद्धव प्रसाद घिमिरे ।
४. श्री शत्रुघन श्रेष्ठ ।
५. श्री नरसिंह लाल चंखु ।
६. श्री सुरेन्द्र कुमार जोशी (जुम मार्फत) ।
७. श्री भक्ति प्रसाद उप्रेती ।
८. श्री उत्तम पाठक (जुम मार्फत) ।



KUMARI BANK LTD.
CORPORATE OFFICE

११) **छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावः**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

क) **श्री अमृतनाथ रेग्मी :–** सभालाई सम्वोधन गर्दै बैंकको तेश्रो त्रैयमास सम्मको प्रगति राम्रै देखिएको छ । बैंकको प्रगतिमा प्राप्ति कार्यले समेत सहयोग पुऱ्याई राम्रो कमाई गर्ने संस्था बन्न सक्ने भएकोले बधाई दिनु भयो । देवः विकास बैंक लिमिटेडलाई कुमारी बैंक लिमिटेडले प्राप्ति गर्ने कार्य ठुलो नभएको हुँदा आगामी दिनमा समेत अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुसँग समेत मर्जर/प्राप्ति गर्नुपर्ने देखिन्छ । बैंकले २०% सम्म strategic partner ल्याउन समेत सुझाव दिनुभयो । Fixed Interest Bond भन्दा Participating bond निकाल्न र off balance item मा तेश्रो त्रैमासमा भन्दा माथि जानु पर्ने अवस्था रहेको सुझाव दिनु भयो । प्राप्ति पश्चात् यस कुमारी बैंक लिमिटेड पूँजी, कर्मचारी संख्या एवं शाखा सञ्जाल समेतको हिसावले बैंक ठुलो हुने भएकोले बैंकले नक्साल स्थित बैंकको आफ्नै जग्गामा भवन निर्माण गर्नको लागि दशै अगाडी नै भवनको शिलान्यास गर्न सुझाव दिदै बैंकको थप सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

ख) **श्री अशोक उप्रेती :-** विश्वव्यापी रुपमा फैलिएको कोरोनाको महामारीको कारण नेपाल सरकारले लागु गरेको लकडाउनको यस बिषम परिस्थितिमा समेत बैंकले बिशेष साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न लागेकोमा बिशेष धन्यवाद सहित बैंकको उत्तरोत्तर प्रगतिको लागि शुभकामना समेत गर्नुभयो ।

ग) **श्री उद्धव प्रसाद घिमिरे:–** सभालाई सम्बोधन गर्दै कोरोनाको महामारीको समयमा पनि सामाजिक दुरी कायम गर्दै बिशेष साधारण सभा सफलतापूर्वक सम्पन्न गरेकोमा धन्यबाद व्यक्त गर्नु भयो । साथै मौद्रिक नीतिमा मर्जरलाई प्राथमिकता दिएको अवगत गराउदै यस बैंकले देवः बिकास बैंक लिमिटेडलाई प्राप्ति गर्न लागेकोमा धन्यवाद दिनुभयो ।

घ) **श्री सत्रुघन श्रेष्ठ** :- कुमारी बैंक लिमिटेडले राष्ट्रिय स्तरको देवः बिकास बैंक लिमिटेडलाई प्राप्ति गर्न लागेकोमा धन्यबाद दिदै बैंकको शाखा सञ्जाल लगायत बैकिङ्ग सेवा उत्कृष्ट रहेको, शेयर आदान प्रदान अनुपात १००:८६ राम्रो रहेको साथै प्राप्ति पश्चात् पूँजी, कर्जा तथा निक्षेप समेतको आधारमा बैंक सवल देखिएको खुशी व्यक्त गर्दै यस बैंकले समय सापेक्ष उत्तरोत्तर प्रगति गर्दै जाओस भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।

ङ) **श्री नरसिंह लाल चंखु** :– नेपाल राष्ट्र बैंकको नीतिलाई अवलम्बन गर्दै कुमारी बैंक लिमिटेडले देवः बिकास बैंक लिमिटेडलाई गर्न लागेको प्राप्तिको प्रस्ताव स्वागतयोग्य रहेको, DDA बाट प्राप्त शेयर आदान प्रदान अनुपात पनि समय सापेक्ष एवं स्वागतयोग्य रहेको बताउनु भयो ।



KUMARI BANK LTD.

प्राप्ति पश्चात् कर्मचारी व्यवस्थापन, corporate culture मा समन्वय ल्याउन साथै लगानिकर्ताहरुको हित एवं प्राथमिकतामा राख्न सुझाव दिदै प्राप्ति कार्यको पूर्ण सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो ।

च) **श्री सुरेन्द्र कुमार जोशी :-** सभालाई जुम मार्फत् सम्बोधन गर्दै मर्जर गर्न लागेकोमा खुशी व्यक्त गर्दै कुमारी बैंक लिमिटेडले देव: विकास बैंक लिमिटेडलाई प्राप्ति कार्य सम्पन्न भए पश्चात् पनि अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुसँग मर्जर तथा एक्विजिशनमा गई एक नं. को बैंक बन्नुपर्ने धारणा राख्नुभयो । प्राप्ति पश्चात् बैंकको शाखा सञ्जाल नरहेको स्थानमा दोहोरिएका शाखाहरुलाई शाखा स्थानान्तरण गर्न सुझाव दिदै बैंकले शेयरधनीहरुलाई नगद लाभांश वितरण नगरेको धेरै भयो, अव नगद लाभांश वितरण हुन्छ वा हुँदैन, सो सम्वन्धमा स्पष्ट पार्न अनुरोध समेत गर्नुभयो ।

छ) **श्री भक्ति प्रसाद उप्रेती** : मर्जर प्रकृया अगाडि बढाएकोमा सञ्चालक समिति, मर्जर कमिटि लगायत बैंक व्यवस्थापनलाई धन्यवाद दिदै Regulatory Reserve को कारण वितरणयोग्य नाफा नदेखिने हुँदा सो सम्वन्धमा नियामक निकायमा कुरा राख्न सुझाव दिनुभयो । मर्जर पछि सिनर्जि उत्पन्न होस् । कुमारी बैंक लिमिटेडको भन्दा देव: बिकास बैंक लिमिटेडको NPA बढी भएकोले देव: विकास बैंक लिमिटेडलाई प्राप्ति गर्दा यस बैंकले अवसरका साथै चुनौतीको पनि सामना गर्न सक्नु पर्छ । साथै मर्जर पश्चात् कर्मचारीहरुमा विभेदको अवस्था नदेखियोस भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

ज) **श्री उत्तम प्रसाद पाठक** :– सभालाई जुम मार्फत् सम्बोधन गर्दै विश्वव्यापी रुपमा फैलिएको कोरोनाको महामारीको कारण नेपाल सरकारले लागु गरेको लकडाउनको अवस्थामा यस बैंकले सामाजिक दुरी कायम गर्ने गराउने उद्देश्यले अनलाइन मार्फत पनि उपस्थिति जनाई आफ्नो सल्लाह, सुझाव तथा प्रतिक्रिया व्यक्त गर्ने अवसर प्रदान गरेकोमा कुमारी बैंक लिमिटेडलाई धन्यवाद दिदै देव: विकास बैंक लि. लाई कुमारी बैंक लि. ले प्राप्ति गर्न लागेकोमा प्राप्ति कार्यको पूर्ण सफलताको कामना गर्दै कुमारी बैंक लि. को उत्तरोत्तर प्रगतिको लागि शुभकामना समेत दिनुभयो ।

**१२) सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले देहाय बमोजिमको जवाफ दिनुभयो ।

**अध्यक्षज्यूको जवाफ:–**

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागु गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो । शेयरधनीहरुको सुझाव बमोजिम नै बैंकको उत्तरोत्तर प्रगतिको लागि बैंकले

आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको बिश्वास दिलाउनु भयो । Regulatory reserve को कारण वितरणयोग्य नाफा सम्बन्धमा निरन्तर रुपमा नियामक निकायहरुमा कुरा उठान भैराखेको आगामी दिनमा पनि सो बिषयमा ने.रा.बैंकमा अनुरोध गर्ने समेत जानकारी गराउनु भयो । प्राप्ति पश्चात् शाखा सञ्जाल नरहेको स्थानमा दोहोरिएका शाखाहरुलाई शाखा स्थानान्तरण गर्ने र आवश्यकता र औचित्यताको आधारमा बैंकको शाखा नरहेको स्थानमा शाखा बिस्तार गर्दै जाने बैंकको लक्ष्य रहेको छ । प्राप्ति पश्चात् कर्मचारीहरुमा बिभेद नगरी यथोचित एवं न्यायसंङ्गत रुपमा व्यवस्थापन गरिने व्यहोरा जानकारी गराउनु भयो । चालु आ.ब. मा शेयरधनीहरुलाई कम्तीमा पनि २०% प्रतिफल दिने लक्ष्य लिई सोही बमोजिम सञ्चालक समिति एवं बैंक व्यवस्थापन समेतले कार्य गर्दै आइरहेकोमा हाल विश्वव्यापि रुपमा फैलिएको कोभिड-१९ लाई न्यूनिकरण गर्नको लागि नेपाल सरकारले २०७६/१२/११ गते देखि निरन्तर रुपमा गरेको देशव्यापी लकडाउनको कारण लक्ष्य प्राप्तिमा अवरोध सृजना हुन सक्ने देखिएको छ । तथापि कोभिड-१९ ले पार्ने असरलाई न्युनिकरण गर्दै शेयरधनीहरुलाई अधिक प्रतिफल दिन बैंक सञ्चालक समिति एवं बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहेको व्यहोरा समेत जानकारी गराउनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ति सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह विच छलफल गरी उपयुक्त देखिएका र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरीने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनी साथीहरुबाट प्राप्त सल्लाह, सुझाव, भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई पारित गरी दिनको लागि अनुरोध गर्नुभयो । साथै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति माग्दै छलफलका विषयहरुलाई निर्णयार्थ पेश गरि त्यसपछि क्रमैसँग प्रस्ताव पारित गरीदिन अनुरोध गर्नुभयो ।

**१३) सभाको प्रस्ताव तथा निर्णयहरु:–**

**क. विशेष प्रस्ताव**

**१. कुमारी बैंक लि. ले देव: बिकास बैंक लि.लाई प्राप्ति (एक्विजिसन) गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्णय : बैंकको मिति २०७६/०१/२६ गते सम्पन्न १७ औं तथा १८ औं बाार्षिक साधारण सभाबाट यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिवाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्नु पर्ने पारिश्रमिक तोक्न लगायतका प्रकृयाहरु अवलम्बन गरी एक आपसमा



KUMARI BANK LTD.

गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई प्राप्त अख्तियारी बमोजिम यस बैंकले देब बिकास बैंक लि. लाई प्राप्ति गर्ने सम्वन्धी प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**२. कुमारी बैंक लिमिटेडले देब बिकास बैंक लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि नियुक्त मूल्याङ्कन कर्ता SAR Associates-Chartered Accounts ले तयार पारेको कुमारी बैंक लि. र देव: बिकास बैंक लि.को चल अचल सम्पति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Dilligence Audit Report), अन्य विवरण तथा सम्बद्ध व्यवस्था तथा सम्झौताको आधारमा निर्धारण गरिएको (कुमारी बैंकको प्रति १ कित्ता शेयर बराबर देव: बिकास बैंकको ०.८६ कित्ता) शेयर अनुपातमा शेयरको मूल्य पारित गरी प्राप्ति (एक्विजिशन) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।**

**निर्णय:–** प्रस्तुत प्रस्तावमा छलफल गर्दा प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि नियुक्त मूल्याकंन कर्ता SAR Associates-Chartered Accounts ले तयार पारेको कुमारी बैंक लि. र देव: बिकास बैंक लि.को चल अचल सम्पति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Dilligence Audit Report), लेखापरीक्षण गरी सिफारिस गरेको शेयर आदान प्रदान अनुपात, अन्य विवरण तथा सम्वद्ध व्यवस्था तथा प्राप्ति सम्वन्धी प्रारम्भिक सहमती पत्रको आधारमा संयुक्त प्राप्ति समितिको मिति २०७६/१२/०२ गते बसेको बैठकले प्राप्तिमा सम्मिलित कुमारी बैंक लिमिटेडको १०० (एक सय) कित्ता शेयर वरावर देव: बिकास बैंक लिमिटेडको ८६ (छयासी) कित्ता अर्थात १००:८६ (एक सय बराबर छयासी) को अनुपातमा शेयर आदान प्रदान तथा प्राप्ति पश्चात् देव: बिकास बैंक लि. को १ कित्ता शेयर कुमारी बैंक लि.को ०.८६ कित्ता कायम हुने गरी सञ्चालक समितिको मिति २०७६/१२/०६ गते बसेको बैठकले स्वीकृत गरी यस विशेष साधारण सभा समक्ष अन्तिम स्वीकृतिका लागि पेश गर्ने निर्णय भएको प्रस्तुत प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ सर्वसम्मतिले पारित गरियो ।

**३. कुमारी बैंक लिमिटेड ले देब: बिकास बैंक लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा गरिऐंको प्रारम्भिक सहमति तथा अन्तिम सम्झौता पत्रहरुको अनुमोदन गर्ने ।**

**निर्णय:–** कुमारी बैंक लि.ले देव: बिकास बैंक लिमिटेडलाई प्राप्ति गर्न मिति २०७६ माघ १ गते सम्पन्न प्रारम्भिक सहमती पत्र (Preliminary Memorandum of Understanding of Acquisition) तथा मिति २०७७ जेठ १८ गते सम्पन्न अन्तिम सम्झौता पत्रलाई अनुमोदन गर्न गरिएको प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिले पारित गरियो ।

**४. कुमारी बैंक लिमिटेड ले देब: बिकास बैंक लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि कुमारी बैंक लिमिटेड लगायत उल्लिखित दुवै संस्थाको चल अचल सम्पति तथा दायित्व मूल्याङ्कन**



KUMARI BANK LTD.

**Due Dilligence Audit (DDA) गर्न नियुक्त मूल्याङ्कनकर्ता लेखापरीक्षकको नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक अनुमोदन गर्ने।**

**निर्णयः–** प्रस्ताव खण्डमा लेखिए बमोजिमका दुवै संस्थाहरुको चल अचल सम्पत्ति, दायित्व तथा कारोवारहरुको मूल्याकंन गर्न Due Diligence Audit (DDA) गर्न नियुक्त मूल्याकंनकर्ता **SAR Associates-Chartered Accounts** को नियुक्ती तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक यस बैंकको हकमा मूल्य अभिबृद्धि कर वाहेक रु.८,००,०००/– (अक्षरेपी आठ लाख) र उपत्यका बाहिरको भ्रमण खर्च वास्तविक बिल बमोजिम अधिकतम रु. ३ लाख मात्र सम्म रकम भुक्तानी दिने सम्बन्धमा सभाले सर्वसम्मतिले पारित गरियो।

**५. बैंकले माथि उल्लिखित प्राप्ति सम्बन्धी कार्य गर्दा बैंकको अधिकृत, जारी तथा चुक्ता पुंजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको अधिकृत, जारी तथा चुक्ता पुंजी बृद्धि गर्ने गरी बैंकको प्रवन्ध पत्रको दफा ५ (क), (ख) र (ग) संशोधन गर्ने।**

**निर्णयः–** प्रस्तुत प्रस्तावमा छलफल गर्दा प्रबन्ध पत्रको दफा **दफा ५ (क), (ख) र (ग)** लाई तपसिलमा उल्लेख भए बमोजिम संशोधन गर्ने निर्णय गरियो।

**प्रबन्धपत्रको दफा ५ (क)मा** " बैंकको अधिकृत पूँजी रु.१५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब मात्र) हुनेछ। उक्त पूँजीलाई रु.१००/-का दरले १५,००,००,०००/- (पन्ध्र करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।" भनि शंसोधन गर्ने।

**प्रबन्धपत्रको दफा ५ (ख)मा** " बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.१२,५२,००,४९,४६८/६५ (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड उन्चास हजार चारसय अड्सठ्ठी र पैसा पैसठ्ठी मात्र) हुनेछ।" भनि शंसोधन गर्ने।

**प्रबन्धपत्रको दफा ५ (ग)मा** " बैंकको तत्काल चुक्ता पूँजी रु.१२,५२,००,४९,४६८/६५ (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड उन्चास हजार चारसय अड्सठ्ठी र पैसा पैसठ्ठी मात्र) हुनेछ।" भनि शंसोधन गर्ने।

**६. बैंकको पुंजी बृद्धि एवं प्राप्ति (एक्विजिशन) को क्रममा तथा प्रवन्ध पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न वा प्राप्ति सम्बन्धि कार्यमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।**

**निर्णयः–** बैंकको पुंजि वृद्धि एवं प्रप्ति (एक्विजिशन) को क्रममा तथा प्रबन्धपत्र, नियमावली शंसोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनि रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) वाट कुनै कुराहरु फेरबदल/शंसोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप

कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न वा प्राप्ति सम्बन्धी कार्यमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्तावलाई समेत सभाले सर्वसम्मतिले पारित गरियो ।

**ख. विविध ।**

प्रस्ताव खण्डको (ख) को विविध शिर्षक अन्तर्गत केही नभएको ।

सभाको अन्तमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरु सर्वसम्मतिले पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि.,मूल्याङ्कनकर्ता (Due Diligence Auditor), कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवै प्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह १२:१० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

.........................
अनुज मणि तिमिल्सिना
कम्पनी सचिव

KUMARI BANK LTD. CORPORATE OFFICE

.........................
अमिर प्रताप ज.ब.राणा
अध्यक्ष